नेपाल सरकार

# संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

सिंहदरवार ।

## प्रेस विज्ञप्ती

संघीय मामिला तथा स्थानीय विकास सचिव श्री महेद्रमान गुरुङ्गज्यूको अध्यक्षतामा आज मिति २०७२ साल चैत्र १९ गते शुक्रवार कर्मचारीहरुको नियमित वैठक वस्यो । मन्त्रालयका सबै कर्मचारीहरुको उपस्थिति भएको उक्त बैठककमा मन्त्रालयका सचिव श्री  महेद्रमान गुरुङ्गज्यूको तीन दिन वरावरको तलव र अन्य कर्मचारीहको एक दिन वरावरले हुन आउने तलवको रकम रु १,१८,०००। (अक्षेरुपि एक लाख अठार हजार) यही २०७२ साल बैशाख १२ गते गएको विनासकारी भूकम्पबाट क्षतिग्रस्त भएको भीमसेन स्तम्भ (धरहरा) को पुनः निर्माणका लागि सहयोग स्वरुप प्रदान गर्ने निर्णय भयो । उक्त अवसरमा मन्त्रालयका सामान्य प्रशासन महाशाखा प्रमुख सह सचिव श्री धनबहादुर श्रेष्ठले मन्त्रालयको सरसफाइको प्रगति प्रस्तुत गर्नुको साथै सरसफाईलाई प्रभावकारी बनाउन गरिएको व्यवस्थाको विषयमा प्रकाश पार्नु भयो । मन्त्रालयले मन्त्रालय परिसर र कार्यकक्षहरुको सरससफाईलाई उच्च महत्व दिएकोले सो अनुरुप सरसफाइमा विशेष ध्यान दिन सम्पूर्ण कर्मचारीहरुलाई निर्देशन समेत दिनुभयो ।

मन्त्रालयको सूचना तथा विद्युतीय शासन शाखाबाट मन्त्रालयका सबै कर्मचारीहरुको अफिसियल इमेल ठेगाना बनाउने र उक्त इमेल ठेगानालाई समूहीकरण गरी मन्त्रालयका सूचना, निर्देशन तथा अन्य सञ्चार सम्वन्धी जानकारीहरु विद्युतीय स्वरुपमा नियमित सम्प्रेषण गर्ने कार्यको सम्वन्धमा भएको प्रस्ततीकरणमा श्रीमान् सचिवज्यूले यस व्यवस्थालाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्न निर्देशन दिनुभयो । सो अवसरमा मन्त्रालयका कर्मचारीहरुले राखेको जिज्ञासाका सम्वन्धमा श्रीमान् सचिवज्यू र अन्य सह सचिवज्यूहरुले सम्वोधन गर्नु भएको थियो ।

(पूर्णचन्द्र भट्टराई)
सह सचिव/प्रवक्ता